प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, धनकुटा

प्रदेश नं. १
धनकुटा, नेपाल

Email:- akcdhankuta@gmail.com
Facebook ID: कृषि ज्ञान केन्द्र धनकुटा
☎०२६-५२२२२६/५२२४७८

प.सं:- २०७९/०८०
च.न:

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति २०७९/०८/२६
आवेदन पेश गर्ने अन्तिम मिति २०७९/०९/०६

यस कृषि ज्ञान केन्द्रको आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार "प्रदेश कृषि व्यवसाय अनुदान नियमावली २०७८" वमोजिमको शर्तहरुको अधिनमा रही देहायका कार्यक्रमहरू कार्यान्वयनका लागि साझेदारीमा संचालन गर्न इच्छुक धनकुटा जिल्लाका कृषक समूह/कृषि सहकारी/कृषि फर्म/संस्था र कम्पनीहरुबाट मिति २०७९/०५/१० गते प्रथम पटक प्रकाशित सूचना अनुसार यस ज्ञान केन्द्रको स्वीकृत वार्षिक लक्ष्य अनुसार आवेदन प्राप्त नभएको हुँदा पुन यो सूचना प्रकाशित भएको मितिले १० औं दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र धनकुटाको फोन नं. ०२६-५२२४७८, सुचना अधिकारी श्री सुरज खनाल ९८५२०४४८३९ मा सम्पर्क राख्नु हुन साथै कृषि मन्त्रालय प्रदेश नं. १ विराटनगरको वेवसाईट **www.molmac.p1.gov.np** बाट "प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन २०७७, नियमावली २०७८ र मापदण्ड २०७८" डाउनलोड गरि जानकारी लिन सक्नुहुनेछ।

<u>संचालन गरिने कार्यक्रमहरू</u>

| क्र.सं | क्रियाकलापहरुको विवरण | इकाई | परिमाण | प्रति इकाई साझेदारी रकम रु. (लाखमा) | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | क्लष्टर (५० हे.) | २ | ६ | कृषक समूह/कृषि सहकारी संस्था र कम्पनी | मिति २०७९/०५/१० मा प्रकासित सूचना अनुसार कृषि ज्ञान केन्द्र धनकुटामा सूचीकृत भएका समूह /कृषि सहकारी, हमेला बहुउद्देश्यीय कृषक समूह चौबिसे गाउँपालिका वडा नं-५ र चानुवा नाम्फु कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड महालक्ष्मी नगरपालिका वडा नं-४ ले मात्र प्रस्ताव पेश गर्न सकिने छ । |
| २ | सुन्तलाजात बगैंचा व्यवस्थापन एवं सुदृढिकरण कार्यक्रम | संख्या | ४ | १ | कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म र कम्पनी | सुन्तला जोन विकास कार्यक्रम लागु भएको क्षेत्र (धनकुटा न.पा.-१ र ३, साँगुरीगढी गा.पा.-२ र ३, सहिदभूमी गा.पा.-२, ४, ५ र ६) बाहेकका स्थानिय तह तथा वडाहरुवाट मात्र आवेदन पेश गर्न सकिने । |

२०७९/०८/२६
निमित्त प्रमुख

प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, धनकुटा

प्रदेश नं. १
धनकुटा, नेपाल

Email:- akcdhankuta@gmail.com
Facebook ID: कृषि ज्ञान केन्द्र धनकुटा
☎०२६-५२२२२६/५२२४७८

प.सं:- २०७९/०८०
च.न:

| क्र.सं | क्रियाकलापहरुको विवरण | इकाई | परिमाण | प्रति इकाई साझेदारी रकम रु. (लाखमा) | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | व्यवसायिक फलफूल बगैंचा स्थापना सहयोग | संख्या | ४ | ३ | कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म र कम्पनी | |
| ४ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | संख्या | ३ | ५ | कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म र कम्पनी | कोशी राजमार्ग (साँगुरीगढी गा.पा.- १, ४, ६ र ७, धनकुटा न.पा.- १, ३, ४, ६, ७ र ९) मध्य पहाडी लोक मार्ग (पाखिबास न.पा.- ३, ४ र ५, महालक्ष्मी न.पा.- ५ र ६) हिले छिन्ताङ्ग राजमार्ग (धनकुटा न.पा.-१ र १०, पाखिबास न.पा.-९ र शहिदभूमी गा.पा.-२, ३, ४ र ६) र राँके रवि भेडेटार राजमार्ग (साँगुरीगढी गा.पा.- ५ र ६, चौबिसे गा.पा- १, २, ६ र ८) आसपासका क्षेत्रले मात्र आवेदन पेश गर्न सकिने। |
| ५ | कफी खेती विस्तार कार्यक्रम | हेक्टर | २ | १.२५ | कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म र कम्पनी | |
| ६ | बाली विशेष भण्डार गृह ( Mini Cold Store, कोल्ड चेम्वर निर्माणमा सहयोग | संख्या | १ | ६ | कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म र कम्पनी | |

**प्रस्तावसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:**

१. निवेदनमा रु १० को टिकट टाँस गरिएको हुनु पर्नेछ ।
२. कृषक समूह/कृषि सहकारी संस्थाको निर्णय प्रतिलिपि ।
३. कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुको दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
४. कृषक समूह/कृषि सहकारी तथा कृषि फर्महरुको *PAN* वा *VAT* प्रमाण-पत्रको प्रतिलिपी ।
५. कृषि सहकारी संस्थाको हकमा आ.व. २०७८/०७९ को लेखापरिक्षणको प्रतिलिपी ।
६. कृषि फर्म, कृषक समूह र कृषि सहकरीहरुको आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

निमित्त प्रमुख
०७९।८।२५

प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, धनकुटा

प्रदेश नं. १
धनकुटा, नेपाल

Email:- akcdhankuta@gmail.com
Facebook ID: कृषि ज्ञान केन्द्र धनकुटा
☎०२६-५२२२२६/५२२४७८

प.सं:- २०७९/०८०
च.नः

७. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।

८. जग्गा धनीपुर्जा प्रमाण-पत्रको प्रतिलिपी/जग्गा करारमा लिएको भए तरकारी र खाद्यन्न वालीको लागि पाँच वर्ष र फलफुल वालीको लागि पन्ध्र वर्ष करार सम्झौता गरेको सम्झौता पत्रको प्रतिलिपी ।

९. स्थानिय तहवाट साझेदारीमा कृषि बजार तथा संकलन केन्द्र निर्माण हुने भए लागत साझेदारी रकम उल्लेख गरिएको सिफारिस पत्र ।

१०. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र। (सिफारिस पत्रमा सोही प्रकृतिको अनुदान स्थानिय तहवाट लिए नलिएको खुलाउनु पर्नेछ)

११. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागी अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र पेश गर्नु पर्नेछ।

१२. कृषि सम्वन्धि अनुभव तथा तालिमको प्रमाण-पत्रहरुको प्रतिलिपि सथै नियमावलीमा उल्लेख भए अनुसारका थप कागजातहरु।

१३. निवेदन दर्ता दस्तुर देहाय वमोजिमको राजश्व राष्ट्रिय बाणिज्य वैंक लिमिटेडमा दाखिला गरी सक्कल भौचर आवेदन साथ संलग्न गरी राखु पर्नेछ ।

| क्र.सं | आवेदकको प्रकृति | दर ( प्रति आवेदन ) |
|---|---|---|
| १ | कृषक समूह/कृषि सहकारी संस्था/संस्थान/कम्पनी र निजि कृषि फर्महरुको | रु २०० |
| २ | व्यक्तिगत | रु १०० |

राजश्व खाता रहेको वैंक :- राष्ट्रिय बाणिज्य वैंक लिमिटेड
खाता नं.:- १०००१००२०१०१०००१
कार्यालयको कोड :-३१२०१०६०११
कार्यालयको नाम :- कृषि ज्ञान केन्द्र धनकुटा
राजश्व शिर्षक :- १४२२९
वापत :- निवेदन दस्तुर

नोट ,

माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावनाको ढाँचा र सम्वन्धित कार्यक्रम सञ्चालन सम्वन्धि मापदण्ड कृषि ज्ञान केन्द्र धनकुटावाट प्राप्त गर्न सक्नुहुनेछ साथै निवेदन दस्तुर भूक्तानीको लागि कार्यालयले सहजीकरण गर्ने छ । आवेदकहरुले विगत ३ आर्थिक वर्षमा विभिन्न सरकारी निकाय/कार्यालय र आयोजना तथा परियोजनाहरुवाट अनुदान प्राप्त गरेको देखिएमा उक्त आवेदनहरुको प्रस्तावना र आवेदन दर्ता नहुने तथा जुन सुकै समयमा रद्द हुने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराईन्छ।

०७९।११।१९
(नगेन्द्र बहादुर राना)
निमित्त प्रमुख